

के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १00% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
0६१-५७0६५१, ९८५६0७५५७५



❑ वर्ष २५ ❑ अङ्क ७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत ११ गते आइतबार ❑ 24 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## समृद्धि र विकासका लागि जस्तोसुकै त्याग गर्न तयार छौँ : महासचिव पोखरेल

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत



नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले मुलुकको समृद्धि र विकासका लागि एमाले जस्तोसुकै त्याग गर्न पनि तयार रहेको बताउनुभएको छ।

एमाले कास्कीको ११औँ जिल्ला अधिवेशनको शनिबार पोखरामा उद्घाटन गर्दै महासचिव पोखरेलले भन्नुभयो, "माओवादी केन्द्रसँगको नयाँ समीकरण र सहकार्य देशको समृद्धि र विकासका लागि हो । जनतालाई राज्यसँग जोड्दै अगाडि वढ्छौँ ।" कमजोर राज्य व्यवस्थाले जनतालाई आशा जगाउन नसक्ने भएकाले जनतामा आशा जगाउन एमाले त्यसतर्फ अघि बढेको बताउनुभयो। नेपालमा लामो समयदेखि कायम रहेको राजनीतिक अस्थिरता हटाउँदै जनताको बहुदलीय जनवादलाई अगालेर अगाडि बढ्ने प्रतिबद्धतासमेत उहाँले व्यक्त गर्नुभयो । केही हप्ताअघि माओवादी केन्द्रसँग भएको समीकरण देशलाई अग्रगमनतर्फ लैजाने उद्देश्यले भएको दाबी उहाँको छ । नेपाली युवाले विदेशबाट पठाएको रेमिट्यान्स घरायसी खर्च नगरी बचत गर्ने प्रवृत्तिको विकास गर्न जरुरी भएको उहाँले बताउनुभयो । नेपाली युवाले विदेशबाट पठाएको पैसा घरखर्चमा प्रयोग हुँदा पुँजी निर्माण हुन नसकेकोप्रति पनि उहाँले चिन्ता व्यक्त गर्नुभयो । शिक्षा पद्धतिमा परिवर्तन ल्याएर नेपालको शैक्षिक जनशक्तिलाई नेपालमा नै रोक्ने कार्यको थालनी गर्न जरुरी रहेको बताउँदै उहाँले यसका लागि सरकारले योजना ल्याउने उल्लेख गर्नुभयो । विसं २०४७ को संविधान केही कमजोरी भएकाले पूर्वराजा ज्ञानेन्द्रले चलखेल गर्ने बाटो पाएको बताउँदै महासचिव पोखरेलले अहिले पनि पुराना पार्टीलाई कमजोर बनाउन अनेकौँ षड्यन्त्र भइरहेको दाबी गर्नुभयो । एमाले सचिव गोकर्ण विष्टले देशलाई समृद्धिको बाटोतर्फ अगाडि बढाउन राजनीतिक दल एकजुट भएर अगाडि बढ्नुपर्ने बताउनुभयो । जबसम्म देशलाई समृद्धितर्फ लैजान सक्दैनौँ तबसम्म नेपालको शैक्षिक जनशक्ति रोजगारीका लागि विदेश


बाँकी अन्तिम पृष्ठमा ▶▶


## लोकतन्त्रवादी आदिवासी जनजातिको अध्यक्षमा जीत गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत



लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ गण्डकी प्रदेशमा जीतबहादुर गुरुङ निर्वाचित भएका छन् । शनिबार भएको प्रदेशको प्रथम अधिवेशनले गुरुङको अध्यक्षतामा ३१ सदस्यीय कार्यसमिति निर्वाचित गरेको छ।

उपाध्यक्षमा भीमबहादुर दुरा र चिज्याँ श्रेष्ठ, सचिवमा क्या. बुद्धिबहादुर थापामगर र नरबहादुर भुजेल निर्वाचित भए। सहसचिवमा चनसुबा छन्त्याल, चेतबहादुर कुमाल र गोपाल भट्टचन चुनिए । अधिवेशनले २३ कार्यसमिति निर्वाचित गरेको प्रचारप्रसार उपसमिति संयोजक राजबहादुर गुरुङले जानकारी दिए । कोषाध्यक्ष निर्वाचित सदस्यहरुबाट बैठकले निर्णय गर्ने उनले सुनाए। भने, उनका अनुसार केही सदस्यहरु पछि मनोनित गरिनेछ।

अधिवेशनको उद्घाटन नेपाली कांग्रेसका उपसभापती तथा उप प्रधानमन्त्री पूर्णबहादुर खड्काले गरेका थिए। कार्यक्रममा उनले पार्टी संगठनलाई बलियो बनाउन सबै एकताबद्ध भएर लाग्नुपर्ने बताए । उनले पार्टीका भातृ एवम् शुभेच्छुक संगठनहरू बलियो र क्रियाशील हुन जरुरी रहेको सुनाए। आगामी निर्वाचनमा नेपाली कांग्रेसलाई बलियो बनाउन नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघले महत्वपूर्ण भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे । उनले फरक प्रसंगमा उपसभापति खड्काले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन तोडेर दिएको धोकाको बताए । उनले ४ मंसिर २०७९ को निर्वाचनका बेला मतदातालाई दिएको वचन पालना नगरेर प्रचण्डले धोका दिएको बताएका हुन् । 'यसको जवाफ आम मतदाताले समय आउँदा दिनुहुनेछ, त्यसको जवाफ राजनीतिक नेतृत्वले आवश्यक पर्दा दिनेछ', उनले भने, 'भन्नुपर्ने कुराहरु धेरै छन् । यसको जवाफ समयले पनि देला ।' उपसभापति खड्काले संसद् विघटन गर्ने, संघीयता कार्यान्वयन नगर्ने, संविधानलाई गलत बाटोतर्फ लैजाने, लोकतन्त्रलाई अन्य दिशातर्फ मोड्न थाल्ने विरुद्ध संविधानको रक्षा, संघीयता कार्यान्वयन र मुलुकको आर्थिक उन्नति र प्रगतिका लागि कांग्रेस खरो भएर उत्रने बताए । लोकतन्त्रवादी आदिवासी जनजाति महासंघका केन्द्रीय अध्यक्ष ओमबहादुर घर्तीले विद्यमान संविधान संशोधन गरी राज्य पुनसंरचना गर्नुपर्ने आवश्यकता रहेको बताए। धेरै जनताले बोल्ने भाषालाई सरकारी कामकाजको भाषाका रूपमा लागूगर्न संविधान संशोधन गर्नु पर्ने, आदिवासी जनजातिको अधिकारलााई नेपालको संविधानको मौलिक हकमा राख्नुपर्नेमा उनको जोड थियो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशमा गुरुङ मगरहरुको बाहुल्यता रहेकाले महासंघ बलियो हुँदा कांग्रेस सबल हुने बताए । आदिवासी जनजातिले प्रजातन्त्रको रक्षा पहिल्यैदेखि गरिरहेको उनको भनाइ थियो । 'जनजातिहरुमा खुल्लापन छ। त्यो भनेकै प्रजातन्त्र हो,' उनले भने, 'उनीहरुले आदिम कालदेखि प्रजातन्त्रको रक्षा गरिरहेका छन्। त्यसैले आदिवासी जनजाति र प्रजातन्त्रबिच पहिल्यैदेखिको सम्बन्ध छ ।' कार्यक्रममा नेपाली


बाँकी अन्तिम पृष्ठमा ▶▶


## होली पर्वको पूर्वसन्ध्यामा पोखरामा ओडिसी नृत्य प्रर्दशन

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत



होली पर्वको पूर्व सन्ध्यामा पोखरामा भारतको चर्चीत तथा पूरानो ओडिसी नृत्य प्रर्दशनी गरिएको छ।

भारतीय राजदूतावास, काठमाडौंस्थित स्वामी विवेकानन्द साँस्कतिक केन्द्र, नेपाल पर्यटन बोर्ड र पोखरा पर्यटन परिषदको संयुक्त आयोजना गरेको कार्यक्रममा भारतको शास्त्रीय ओडिसी नृत्य र नेपाली लोक नृत्य प्रस्तुत गरिएको परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो। भारत र नेपालको समृद्ध साँस्कृतिक सम्पदा मनाउन पोखरामा भारतीय शास्त्रीय ओडिसी नृत्य र नेपाली लोक नृत्य प्रस्तुत गरिएको उहाँले जनाउनु भयो । उक्त साँस्कृतिक कार्यक्रमको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्दै पोखरामा उक्त नृत्य प्रर्दशनीले नेपाल र भारतको कला संस्कृति संगै पर्यटन प्रबर्द्धनमा धेरै सहयोग हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा गण्डकी प्रदेश सरकारका मन्त्रीहरु, सांसद, कास्कीका स्थानीय सरकारका जनप्रतिनिधि सहितका विभिन्न संघ संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो । भारतीय राजदूतावासका प्रथम सचिव अविनाश सिंहले भारत र नेपालबीचको सदियौं पुरानो साँस्कृतिक सम्बन्ध बारे बताउदै पोखरालाई नेपालको पर्यटन राजधानी घोषणा गरेकोमा खुसि व्यक्त गर्नु भयो।

श्रीतकमला, सखी हे, दशावतार र वसन्त बहार : वसन्तको रंग प्रस्तुत गर्दै भारतीय शास्त्रीय नृत्यको कठिन चाल तथा भावभङ्गीमा ओडिसी नृत्य प्रदर्शन गरिएको थियो । लाखे नृत्यसँगै नेपाली लोक नृत्यको नेतृत्व निश्कल उदासले गर्नुभएको थियो भने उहाँलाई सङ्गीतकार निशान श्रेष्ठ, विशेष ताम्राकार, सम्बोधी उदास, सम्राट भारी र आयुष श्रेष्ठले साथ दिनुभएको थियो। लेकसाइड स्थित बाराहीघाटको खेल मैदान पोखरामा आयोजित उक्त कार्यक्रममा आन्तरिक तथा बाह्य पर्यटकहरुको समेत सहभागिता रहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रादेश कार्यालयका प्रमुख नविन पोखरेलले बताउनु भयो । काकली बोसको नेतृत्वमा रहेको ओडिसी नृत्य टोलीले २०८० चैत्र ९ गते काठमाडौंमा आफ्नो प्रस्तुति प्रस्तुत गरेको थियो। यस कार्यक्रम पश्चात टोलीले चैत्र ११ गते लुम्बिनी, चैत्र १३ गते वीरगंज र चैत्र १४ गते धरानमा प्रस्तुति दिने कार्यक्रम रहेको छ।


### बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई:

◆ सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
◆ विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
◆ खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
◆ लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
◆ सहज शौचालयको व्यवस्था गरौं,
◆ अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
◆ अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
◆ बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड


## व्याजदर एकल अंकमा ल्याउन पोखराका पर्यटन व्यवसायीको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत

पोखराका पर्यटन व्यवसायीहरुले व्याजदर एकल अंकमा ल्याउन माग गर्नु भएको छ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई आज भेटेर उक्त माग सहित ६ बुंदे ज्ञापन पत्र पेश गरिएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो।

व्याजदर एकल अंक र घर कर्जाजस्तै व्यवसाहिक कर्जाको समायावधी अधिकतम हुनुपर्ने, पर्यटन क्षेत्रमा बैक तथा बित्तिय संस्थाले अनिवार्य लगानी गर्नुपर्ने, चालुपुँजी कर्जा निर्देशन अनुसार कारोवारको आधारमा चालुपुँजी कर्जा दिईनेमा पर्यटनमा अहिलेको ब्यापार औशत भन्दापनि कम छ, त्यसैले यसमा पुर्नविचार गर्नुपर्ने माग गरिएको उहाँले जनाउनु भयो । त्यसै गरी व्याज किस्ता तिर्न नसकेको कारणले लाग्ने पेनाल्टी छुट गरिनुपर्ने, पुनर्कर्जा र पुर्नतालिकिकरणको समय बढाउनु पर्ने र भारतिय मुद्राको डिपोजिट सहज एवम् रु.२०० र रु.५०० को नोटलाई सहजरुपमा चल्ने वातावरण बनाउनु पर्ने माग गरिएको अध्यक्ष श्रेष्ठले जनाउनु भयो।


### सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# वालिङमा क्षयरोग जाँच शिविर

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १० चैत

विश्व क्षयरोग दिवस २०८० को पुर्व सन्ध्यामा वालिङ नगरपालिकाले क्षयरोग जाँच शिविर आयोजना गरेको छ। विश्व क्षयरोग दिवस २०८० मनाउने क्रममा वालिङ नगरपालिकाले शिविरको आयोजना गरेको हो।

क्षयरोगका कारण हरेक बर्ष नागरिकको मृत्यू हुन थालेपछि यो रोगको न्युनिकरणका लागि नेपाल सरकारले यसलाई दिवसको रुपमा मनाउदै आएको छ। हरेक बर्षको अंग्रेजी महिनाको मार्च २४ गतेलाई विश्व क्षयरोग दिवसको रुपमा मनाइदै आएको छ । क्षयरोग दिवसको पुर्व सन्ध्यामा वालिङ नगरपालिकाले वडा नम्वर १२ मा क्षयरोग जाँच शिविर संचालन गरेको छ । स्वास्थ्य संस्थाको पहुँच नहुनु र स्वास्थ्य संस्थामा जाँच गर्ने बानी नहुँदा ग्रामिण क्षेत्रमा क्षयरोगीहरु रहेको अनुमान चिकित्सकहरुले लगाएका छन् । यसैलाई ध्यानमा राखेर वालिङ नगरपालिकाले ग्रामिणबस्तीमा पुगेर क्षयरोगीहरु पत्ता लगाउन शिविर आयोजना गरेको जनाएको छ । अवको ३ बर्षमा वालिङ नगरपालिकालाई



क्षयरोग मुक्त नगरपालिका बनाउने अभियानका साथ अगाडी बढेको वालिङ नगर प्रमुख कृष्ण खाँणले बताए । नागरिकको सबैभन्दा ठुलो धन भनेको स्वास्थ्य रहेकाले स्थानीय सरकार यसमा अभियाननै बनाएर अगाडी बढेको बताए । वालिङ स्मार्ट नगर उन्मुख नगर हो उनले भने, स्मार्ट नगर बन्न पहिला स्मार्ट नागरिक बन्नुपर्छ, स्मार्ट नागरिक बन्न स्मार्ट स्वास्थ्य हुनुपर्छ ।' स्वास्थ्य नागरिक बनाउन नगरपालिकाले हरेक बर्ष शिविर आयोजना गरिरहेको छ उनले भने। वालिङ नगरपालिकाभित्र मात्रै ३९ जना क्षयरोग लागेका बिरामी रहेको तथ्याङ्कले देखाएको छ। जिल्लामा १३१ क्षयरोगका बिरामी रहेको तथ्याङ्क सार्वजनिक हुदाँ सबैभन्दा बढी बिरामी वालिङमै रहेको देखिएको छ। वालिङलाई क्षयरोगमुक्त नगर मात्रै होइन सबैखाले रोगको मुक्त बनाउने गरि नगरपालिकाले काम गरिरहेको नगर उपप्रमुख कविता तिवारीले बताइन् । स्वास्थ्य नागरिक बनाउन नगरपालिकाले प्रत्येक घरमा पोषण सहजकर्ताहरु खटाइएको जानकारी उनले दिइन् । जंगफुड खानालाई निरुत्साहीत गर्दै गाउँघरमै उत्पादन भएका अर्गानिक खाना खाने बानी बसाल्न पोषण सहजकर्ताहरु खटाइएको उनले बताइन्। जिल्लाका १ज्ञ पालिका मध्ये वालिङले स्वास्थ्य क्षेत्रमा निकै उच्च काम गर्दै आएको छ। जसका कारण स्वास्थ्य क्षेत्रमा राम्रो काम गरेको भन्दै वालिङ नगरपालिका पुरस्कृत पनि भएको थियो।

वालिङलाई ३ बर्षभित्र क्षयरोगमुक्त नगर बनाउन स्वास्थ्य शाखाले कार्ययोजना बनाएर काम गरिरहेको वालिङ नगर स्वास्थ्य शाखा प्रमुख कमल पाण्डेले बताए । हरेक वडामा क्षयरोग शिविर आयोजना गर्दै क्षयरोग बिरामीको पहिचानलाई तिब्रता दिएको उनले बताए । खोकी लाग्दा सामान्य मानेकै कारण ग्रामिण क्षेत्रका नागरिकमा क्षयरोग हुनसक्ने अनुमान हाम्रो रहेकाले ग्रामिण बस्तीमै प्रथामिता दिएर शिविर आयोजना गरको उनले बताए। ६० जनाको स्वास्थ्य परिक्षण गर्दा ४० जना शंकास्पद र १२ जनाको खकार नमुना परिक्षणका लागि लिइएको पाण्डेले बताए । शंकास्पद रहेका ४० जनालाई वालिङ नगर अस्पतालमा आउन अनुरोध गरेको बताए।

# ढेवाजू प्रतिष्ठानमा जे.पी र द्वा सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

कृष्णबहादुर टेकबहादुर ढेवाजू शैक्षिक प्रतिष्ठानको साधारण सभा शनिवार सम्पन्न भयो।

पोखरा विश्वविद्यालयका उप-कुलपति प्रा.डा. प्रेमनारायण अर्यालले सहस्राब्दी पुरुष कर्णेल जे.पी. क्रस र युवा वैज्ञानिक मनिषा द्वा लाई सम्मान-पत्र प्रदान गर्न पाउँदा अत्यन्त खुशी लागेको भन्नुभयो। समाजमा यस किसिमको कार्यले श्रृजनशील र क्षमता बोकेका मानिसहरुको मनोबल उच्च रहने उपकुलपति अर्यालले जानकारी गराउनु भयो।

बौद्धिक पलायन हुने क्रम अत्यन्त बढिरहेको सन्दर्भमा कर्णेल जे.पी. क्रस जस्ता व्यक्तित्वहरु जसले नेपाल र यहाँको महत्व बुझेर यसलाई कर्मथलो बनाउनु भयो यो विषय नेपाल र नेपालीका लागि गौरवको विषय रहेको समेत अर्यालले जानकारी दिनु भायो।

पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण बरालले प्रतिष्ठान सँग सहकार्य गर्ने र प्रतिष्ठानलाई सक्दो सहयोग गर्दै शैक्षिक तथा समाज विकासका कार्यहरुमा काँधमा काँध मिलाएर



अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो। प्रतिष्ठानका उपाध्यक्ष प्रा. रामगोपाल ढेवाजूले स्वागत गर्दै प्रतिष्ठानका अनुकरणिय व्यक्तित्व द्वय स्व. कृष्णबहादुर ढेवाजू र टेकबहादुर ढेवाजूको जीवन यात्रा स्पष्ट पार्नु भयो । कार्यक्रममा प्रतिष्ठानका सचिव उपेन्द्र सुवेदीले प्रतिष्ठानको प्रतिवेदन प्रस्तुत गर्दै वार्षिक साधारण सभा देखी हालसम्मका प्रतिष्ठानका कार्यहरु र प्रतिष्ठानले तय गरेका आगामी कार्यहरुको जानकारी दिनु भयो । नेपाललाई कर्मभूमी बनाउँदै आफ्नो जीवन व्यतीत गर्ने व्यक्तित्व सम्मानितको तर्फवाट जे.पी क्रसले विच-विचमा उखान टुक्काको प्रयोग गर्दा हलमा हाँसोको फोहोरा छुट्ने गरेको थियो। आफ्नो मृत्युको खवर आफैं पढ्दाको उहाँको अनुभव अत्यन्त मार्मिक र मर्मस्पर्शी थियो।

प्रतिष्ठानका सभापति प्राध्यापक तारा बरालको अध्यक्षतमा भएको कार्यक्रममा प्रतिष्ठानका पुर्व संरक्षक सदस्य तथा पूर्व सचिव राजेन्द्र भण्डारीले सम्मान पत्र वाचन गरेर सुनाउनु भयो भने प्रतिष्ठानका संरक्षक सदस्य तथा भद्रकाली माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोक बहादुर कार्कीले उपस्थित सम्पूर्ण महानुभवहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो।

# साहित्यकार डा लम्सालालाई क्षेत्रप्रताप साहित्य पुरस्कार प्रदान

पोखरापत्र संवाददाता
दमौली, १० चैत

गीतल प्रतिष्ठान नेपाल तथा नाटक मञ्च तनहुँद्वारा स्थापित क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कार साहित्यकार एवं सञ्चारकर्मी डा नवराज लम्सालालाई प्रदान गरिएको छ।

तनहुँको ऋषिङ गाउँपालिकाको सभाहलमा आज आयोजित एक कार्यक्रममा डा लम्सालालाई उक्त पुरस्कार प्रदान गरिएको हो । क्षेत्रप्रताप अधिकारीको सम्झनामा स्थापित उक्त पुरस्कारको राशि रु २५ हजार रहेको छ। गीतल राष्ट्रिय पुरस्कार-२०८०, तिला लेकाली (मोरङ) लाई प्रदान गरिएको छ। उक्त पुरस्कारको राशि रु १० हजारको रहेको छ।

नेपाल अधिराज्यमा वाङ्मय पुरस्कार डा रमेशचन्द्र अधिकारीलाई प्रदान गरिएको छ। उक्त पुरस्कारको राशि रु १० हजार रहेको छ। त्यस्तै गीतल प्रतिभा पुरस्कार-२०८० शोभासिंह ठकुरी (तनहुँ) लाई प्रदान गरिएको छ। उक्त पुरस्कारको राशि रु पाँच हजार रहेको छ। सङ्घीय सांसद रेखा यादवले सम्मानित व्यक्तित्वलाई पुरस्कृत गर्दै कला र साहित्यका क्षेत्रबाट देश विकासका लागि सकारात्मकदबाबसृर्जनागर्नआग्रह गर्नुभयो। ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले तनहुँ कला, संस्कृति र साहित्यमा धनी रहेको चर्चा गर्दै साहित्यको विकासका लागि गाउँपालिका प्रतिबद्ध रहेको बताउनुभयो।

साहित्यको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वलाई प्रतिष्ठानले हरेक वर्ष पुरस्कृत गर्दै आएको प्रतिष्ठानका अध्यक्ष आकाश अधिकारीले जानकारी दिनुभयो । मञ्चले विगत छ वर्षदेखि विभिन्न व्यक्तिहरूलाई उक्त पुरस्कारबाट सम्मान गर्दै आएको छ। क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कार भने गत वर्षदेखि प्रदान गर्न थालिएको थियो । पहिलो वर्ष उक्त पुरस्कार वरिष्ठ साहित्यकार गुल्मीमा जन्मिई हाल काठमाडौ बुढानिलकण्ठ निवासी डा रामप्रसाद ज्ञवालीलाई प्रदान गरिएको थियो।

मोफसल बाहिर रहेर गीतल प्रतिष्ठान नेपाल तथा नाटक मञ्चले तनहुँ जिल्लामा विभिन्न औपचारिक, अनौपचारिक गतिविधिहरूमा संलग्न रहँदै भाषा साहित्य, कला, सङ्गीत र नाट्य क्षेत्रमा कार्य गर्दै आएको सचिव माधव अधिकारीले बताउनुभयो।

# मानसिक तथा मनोसामाजिक क्षेत्रमा बजेट बिनियोजन गर्न माग

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

कोशिश कास्कीले मानसिक तथा मनोसामाजिक अपाङ्गताको क्षेत्रमा बजेट बिनियोजन गर्न र प्राथमिकतामा राख्न माग गरेको छ।

शुक्रबार सस्थाले सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय र सामाजिक बिकास मन्त्रालयमा ज्ञापन पत्र बुझाउदै उक्त माग गरेको अध्यक्ष अर्जुन सुनारले जानकारी दिए । ज्ञापन पत्रमा प्रदेशमा मानसिक स्वास्थ्य सेवामा टेलिहेल्थ सेवालाई स्थानिय अस्पतालमा जोड्न, प्रदेश स्तरीय स्वास्थ्य संस्थाहरुमा जनशक्ति,भौतिक संरचना तथा औषधीको ब्यवस्थापन गर्न, बीमा बाट उपलब्ध औषधिको ब्यवस्थापन गर्न, मानसिक स्वास्थ्य सम्बन्धी कर्मचारी र स्वास्थ्यकर्मीहरु लाई तालिम संचालन गर्न,जनस्वास्थ्यका सबै



कार्यक्रमहरुमा पनि मानसिक स्वास्थ्य सेवालाई एकिकृत गर्न,बार्षिक बजेटको परिचालन गरि मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत गैह्रसरकारी तथा निजी सस्थाहरु संग साझेदारी गर्न,एक बिद्यालय एक मनोविमर्शकर्ताको ब्यवस्था गर्न लगाएतका माग राखेर ज्ञापन पत्र बुझाएको हो।

ज्ञापन पत्र बुझ्दै स्वास्थ्य मन्त्रालयका उपसचिव चण्डिका पौडेलले मागहरु सकरात्मक भएको बताए । उनले मागका बिषयमा छलफल हुने र कार्यन्वयनको लागि पहल गर्ने उल्लेख गरे । गएको कार्तिक महिनामा कास्की जिल्लामा दर्ता भएको कोशिश कास्कीमा हाल ९ जना सदश्यहरु रहेका छन् । नेपालको राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार हाल नेपालमा कुल अपाङ्गताको ४.२८ प्रतिशत मनोसामाजिक अपाङ्ग रहेका छन्।

## समृद्धि ...

जाने क्रम नरोकिने विष्टको भनाइ छ।

सो अवसरमा नेता पद्मा अर्याल, गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारी, संसद् विद्या भट्टराईलगायतले ११औं अधिवेशनको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । महाधिवेश दुई दिनसम्म चल्ने छ। अधिवेशनले जिल्लामा नयाँ नेतृत्वसमेत चयन गर्ने छ।

# थकाली समुदायमा 'तोरनल्ह' पर्व सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १० चैत

म्याग्दी र मुस्ताङमा बसोबास गर्ने अल्पसङ्ख्यक जनजाति थकाली समुदायमा शनिबारदेखि तोरनल्ह (फागु पूर्णिमा) पर्व सुरु भएको छ।

नेपालका विभिन्न क्षेत्रमा करिब १० हजारको सङ्ख्यामा बसोबास गर्ने थकाली समुदायले हरेक वर्ष फागु पूर्णिमाका अवसरमा परम्परागत तोरन ल्ह पर्व मनाउने गर्दछन् । फागु पूर्णिमाको अघिल्लो दिन सुरु हुने तोरनल्ह तीन दिनसम्म मनाउने चलन रहेको थकाली समुदायकी अगुवासमेत रहनुभएका गण्डकी प्रदेशसभा सदस्य विमला गौचनले जानकारी दिनुभयो। "तीन दिन सबैरै उठेर चोखो निष्ठ भएर पितृलाई सम्झिएर पूजाआजा गर्ने र फूलप्रसाद चढाउनुपर्छ", उहाँले भन्नुभयो, "आफन्तलाई बोलाएर मिठा-मिठा परिकार खुवाउने र आर्चरी (तारो हान्ने) खेल्ने चलन छ ।" मुस्ताङको थासाङ गाउँपालिकाको कोवाङ थकाली समुदायको उद्गमस्थल मानिन्छ। घरपझोङ र थासाङ गाउँपालिकामा थकाली समुदायको बाहुल्य बसोबास छ। म्याग्दीको दाना, भुरुङ तातोपानी, बेनी, दरवाङलगायत बजार क्षेत्रमा थकाली समुदायको बसोबास छ । तोरनल्ह मनाउन घरबाहिर र विदेशमा रहेका थकालीहरू आफ्नो जन्मथलो फर्किएका छन्।

## लोकतन्त्रवादी ...


कांग्रेसका सहमहामन्त्री जीवन परियार, केन्द्रीय सदस्य अब्दुल सत्तार, दिलमान पाख्रिन र सरस्वती तिवारी, नेका गण्डकी सभापती शुक्रराज शर्मा, कास्कीका सभापती किशोरदत्त बराल, प्रदेशसभा सदस्यहरु बिमला गौचनल सरस्वती गुरुङ, जीत शेरचन, जीतप्रकाश आले, तमुसंघ नेपालका अध्यक्ष भुवनसिंह गुरुङ, महासंघ कास्की अध्यक्ष आशबहादुर गुरुङ लगायतले लोकतन्त्रवादी आदिवासी जनजाति संगठित भएर पार्टीको हितमा लाग्नुपर्ने बताएका थिए।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# सरकारी जग्गा फिर्ता

सत्ता र शक्तिको आडमा सार्वजनिक, सरकारी र सामुदायिक जमिन हडप्दै आएका छन । सत्ताधारीलाई प्रभावमा पारेर सरकारी र सार्वजनिक जमिन हडप्नेहरुका विरुद्ध आवाज उठ्न थालेको छ । सत्तारूढ दलका नेता र कर्मचारीलाई प्रभावमा पार्दै सार्वजनिक र सरकारी जग्गा हडप्नेलाई कानुनको कठघरामा ल्याउन थालिएको छ । प्रधानमन्त्री निवास रहेको बालुवाटारस्थित सरकारी जमिन हडप्नेको धेरै वर्षपछि खोजतलास भएको छ । सरकारी र सार्वजनिक जमिन हडप्न र कौडीको मुल्यमा लिनेहरुको परिचय खुल्दै आएको छ । राज्य संयन्त्रलाई प्रभावमा पारेर सार्वजनिक र सरकारी जमिन लुट्न खोज्ने विरुद्ध नागरिकले खबरदारी गरिरहेका छन । नागरिकले गरेको खबरदारीले गर्दा अतिक्रमण गर्नेहरुका सक्कली अनुहार देखिन थालेको छ ।

चौधरी ग्रुपले हडपेको बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडको १० रोपनी जग्गा सरकारले आफ्नो नाममा फिर्ता ल्याएको छ । डिल्लीबजार मालपोत कार्यालयले शुक्रबार जग्गा सरकारका नाममा कायम गर्ने निर्णय गरेको छ । यससँगै तत्कालीन 'च्याम्पियन फुटवेयर लिमिटेड' हुँदै व्यक्तिको नाममा लगिएको बाँसबारी छालाजुत्ता कारखानाको जग्गा ४२ वर्षपछि सरकारका नाममै फिर्ता आएको छ । यसमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ । सत्ता र शक्तिको आडमा हडप्नेहरु कसरी कानुनको कठघरामा आउँछन् भन्ने उदाहरण हो । मालपोत ऐन, २०३४ को दफा २४ प्रयोग गरेर मालपोत कार्यालयले जग्गा सरकारका नाममा कायम गर्ने निर्णय गरेको हो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी गराएका छन् । सो दफामा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा दर्ता गर्न वा आवाद गर्न नहुने व्यवस्था छ । यसैबमोजिम व्यक्तिका नाममा पुगेको सरकारी जग्गा फिर्ता ल्याइएको छ ।

उक्त दफाको उपदफा १ मा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्तिविशेषका नाममा दर्ता वा आवाद गर्न/गराउन नपाउने व्यवस्था छ । उपदफा २ मा सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता गरी आवाद गरेकामा त्यस्तो दर्ता स्वतः बदर हुने व्यवस्था छ । त्यस्तो जग्गाको व्यक्तिविशेषका नाममा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीले कट्टा गर्ने व्यवस्था ऐनमा गरिएको छ । यही व्यवस्थामा टेकेर मालपोत कार्यालयले जग्गा सरकारी कायम गरेको छ । सरकारले चाहेमा सक्छ भन्ने प्रमाण हो । 'सरकारी जग्गा व्यक्तिविशेषका नाममा दर्ता भएको भेटिए मालपोत अधिकृतले त्यस्तो दर्ता बदर गर्न सक्ने व्यवस्था मालपोत ऐनमा छ,'। 'यसको अधिकार सम्बन्धित मालपोत कार्यालयलाई नै छ । यसैबमोजिम डिल्लीबजार मालपोत कार्यालयले विभिन्न मितिमा व्यक्तिका नाममा पुगेको बाँसबारीको १० रोपनी सरकारी जग्गाफिर्ता ल्याउने निर्णय गरेको छ ।'

बाँसबारीको जग्गा हिनामिना प्रकरणमा अहिले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले छानबिन गरिरहेको छ । जग्गा हिनामिनाको आरोप लागेका कांग्रेस सांसद एवं उद्योगी विनोद चौधरीसँग बिहीबार सिआइबी र सरकारी वकिल कार्यालयले संयुक्त रूपमा बयान लिएका थिए । अघिल्लो दिन बुधबार सिआइबीले भाइ वसन्त चौधरीको पनि बयान लिइसकेको छ । अनुसन्धानका क्रममा सिआइबीले विनोद चौधरीका भाइ अरुण, तत्कालीन बाँसबारी छालाजुत्ता कारखाना लिमिटेडका कार्यकारी अध्यक्ष अजितनारायणसिंह थापा र सिजी चाँदबाग रेसिडेन्सी प्रालिका सञ्चालक सञ्जय ठाकुरलाई गत १८ माघमै पक्राउ गरेको थियो । ६ दिनको हिरासतपछि उनीहरूलाई हाजिरी जमानीमा छाडिएको छ ।

अनुसन्धानका क्रममा आरोपितसँग बयान थालेसँगै सिआइबीले हडपिएको जग्गा सरकारका नाममा अद्यावधिक कायम गर्न मालपोतलाई पत्राचार गरेको थियो । सिआइबीको पत्रपछि मालपोतले जग्गा सरकारका नाममा फिर्ता ल्याउने प्रक्रिया अघि बढाएको थियो । यसका लागि चाँदबाग रेसिडेन्सी प्रालिलाई विभिन्न चरणमा पत्राचार गरेको थियो । तर, प्रालिले आवश्यक प्रमाण पेस गर्न नसकेपछि कार्यालयले प्रालिको दर्ता खारेज गरेर सरकारका नाममा अद्यावधिक कायम गरेको छ । बाँसबारी छालाजुत्ता कारखानाको जग्गा तत्कालीन 'च्याम्पियन फुटवेयर लिमिटेड' हुँदै सिजी चाँदबाग रेसिडेन्सी प्रालिका नाममा लगिएको थियो । त्यहाँ चौधरी ग्रुपले चाँदबाग स्कुल सञ्चालन गरिरहेको छ । बयानका क्रममा विनोद चौधरीले बाँसबारी छालाजुत्ता कारखानाको जग्गा नियमसंगत नै लिएको दाबी छोधन र सत्ताको आडमा जग्गा होस अन्य सबै क्षेत्रलाई कब्जामा लिएर हड्प गर्नेलाई कार्वाही गर्न तीन तहका सरकार र नागरिक समाज जागरुक हुनु आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | स्वास्थ्यमा सुधार | तुला | शारीरिक झमेला |
| वृष | सहयोग मिल्नेछ | वृश्चिक | व्यापारमा लाभ |
| मिथुन | अप्रत्यसित लाभ | धनु | शत्रुको भय |
| कर्कट | सत्कार मिल्नेछ | मकर | झमेला बढ्ने |
| सिंह | आर्थिक समस्या | कुम्भ | कार्यमा सफलता |
| कन्या | मानसिक तनाव | मीन | शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।


# अतिक्रमणको चपेटामा चुँदीखोला

पोखरापत्र संवाददाता
दमौली, १० चैत

तनहुँको बन्दीपुर गाउँपालिका-१ स्थित चुँदीखोला अतिक्रमणको चपेटामा परेको छ । डुम्रे बजार नजिकै बगेको चुँदी खोलाको दायाँबायाँ अतिक्रमण गरी धमाधम संरचना निर्माण हुने क्रम बढेको छ ।

स्थानीयले दुवै तर्फबाट चुँदीखोला मिचेर साँघुरो बनाउँदै लगेका छन् । दशभन्दा बढी घरका पिल्लर खोलाबाटै उठाइएको छ । स्थानीयीले आफ्नो जग्गासँगै जोडिएको खोला क्षेत्रमा ग्याबिन र पक्की पर्खाल लगाउँदा अर्को क्षेत्रतिर कटानको जोखिम बढेको छ । फोहोर पानी र ढलसमेत खोलामा मिसाउँदा खोला प्रदूषित बन्दै गएको छ । खोला किनारबाट बन्दीपुर गाउँपालिकातर्फ करिब १५ पक्की घर निर्माण गरी होटल तथा विभिन्न व्यवसाय सञ्चालन गरिएको छ । भानु नगरपालिकातर्फ पनि चुँदीखोला अतिक्रमण गर्ने क्रम बढेको छ । डुम्रेबजारतर्फ बजार विस्तार गर्ने ठाउँ सकिएपछि पारि भानु नगरपालिकातर्फ बस्ती विस्तार हुन थालेको छ । चुँदी खोलाबाट मापदण्ड विपरित पुरानो पर्खालभन्दा करिब सात/आठ फिट खोलातर्फ पक्की पर्खाल निर्माण गरिएको छ । स्थानीय सूर्यकुमार श्रेष्ठले करिब तीन रोपनी क्षेत्रफलमा चुँदी खोलाबाटै मापदण्ड विपरित पर्खाल लगाइरहेका छन् । भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले सार्वजनिक जग्गा मिचिएको पाइए कारवाही गरिने बताउनुभयो । सार्वजनिक जग्गामा घर नबनाउन गाउँपालिकाले पटक-पटक सूचना जारी गरे पनि अटेर गरी संरचना बनाउने क्रम नरोकिएको उहाँको भनाइ छ ।

# एक करोडको लागतमा म्याग्दीमा खानेपानी आयोजना निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १० चैत

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ खिवाङमा 'एक घर, एक धारा'खानेपानी आयोजना निर्माण भएको छ । श्रमदानसहित रु एक करोड चार लाखको लागतमा आयोजना सम्पन्न भएको हो ।

आयोजना निर्माण भएपछि एक सय ३६ घरका परिवारलाई एक घन्टा बढी समय लगाएर पानी ओसार्नुपर्ने बाध्यता हटेको छ । खिवाङकी रिना बुढ्जाले आँगनको धारामा २४ सैँ घन्टा नियमित पानी आउन थालेपछि पानीको समस्या समाधान भएको बताउनुभयो । गोर्खा वेल्फेयर ट्रष्टको आर्थिक सहयोगमा निर्माण भएको खिवाङ खानेपानी तथा सरसफाइ आयोजना काम सुरु भएको ९१ दिनमा पूरा भएको हो । उपभोक्ता समितिका अध्यक्ष जयराम विक्कका अनुसार ट्रष्टको रु ७३ लाख बराबरको निर्माण सामग्री र प्राविधिक सहयोग तथा उपभोक्ताको रु ३१ लाख बराबरको श्रमदानमा खानेपानी आयोजना निर्माण भएको हो ।


# कागजात हराएको सूचना

गण्डकी प्रदेश म्याग्दी जिल्ला साविक बरेजाँ-९ धापुङ हाल मंगला गा.पा.-४ धापुङ निवासी भू.पू. भारतीय सैनिक नं. ५३३३५१४ हवल्दार स्व. गंगा बहादुर पुनको विधवा श्रीमती भोवी पुनको पि.पि.ओ नं. S/JN/ 40252/91 र TS No 188778, 4GR को पेन्सन पट्टा नागरिकता र लालपूर्जाको सक्कल प्रति GMC अस्पताल नयाँबजार पोखरा क्षेत्र भित्रबाट हराएको हुँदा पाउनु हुने महानुभावहरुले निम्न लिखित व्यक्तिहरुलाई सम्पर्क गरी दिनुहुन सादर अनुरोध गर्दछु ।

सम्पर्क व्यक्तिहरुको नामः
दल बहादुर पुन, म्याग्दी
मो. ९८०५१२३३३२
इन्द्र बहादुर छन्त्याल, पोखरा
मो. ९८१८६७७१९६



# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ पुरुन्चौर नेपालीथर हुदै रैकर जाने सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः पुरुन्चौर नेपालीथर हुदै रैकर जाने सडक निर्माण
ठेगानाः पोखरा-१९, पुरुन्चौर
योजना सम्झौता मितिः २०८०/०९/१८ गते
योजना शुरु मितिः २०८०/०९/१९ गते
योजना सम्पन्न हुने मितिः २०८१/०१/३० गते
योजनाको कुल लागतः रु. १८,८८,९२६/०७
महानगरपालिकाबाटः रु. १७,००,०००/-
जनसहभागिताबाटः रु.१,८८,९२६/०७
अध्यक्षः कृष्ण प्रसाद पौडेल सम्पर्क नं.ः ९८४६२६३६४२
सचिवः श्रीकान्त पौडेल, कोषाध्यक्षः मसिनो नेपाली
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ४, पुरुषः ३

**पुरुन्चौर नेपालीथर हुदै रैकर जाने सडक निर्माण उपभोक्ता समिति पोखरा-१९**


# लेकसाइडलाई कृष्ण मेमोरियल एट 'ए' साइड भेट्रान फुटबलको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, १० चैत



पूर्व फुटबल रेफ्री स्वर्गीय कृष्ण गिरीको सम्झनामा पोखराको बाराहीघाटमा सम्पन्न पहिलो संस्करणको एट 'ए' साइड भेट्रान फुटबल प्रतियोगिताको उपाधि लेकसाइड पहेँलोले जितेको छ ।

बाराहीघाटस्थित खेलमैदानमा आज भएको फाइनल खेलमा गार्डेन एफसीलाई पेनाल्टी सुटआउटमा ३-२ गोलले पराजित गर्दै लेकसाइड पहेँलोले उपाधि जितेको हो । खेलको निर्धारित समय गोलरहित भएपछि पेनाल्टी सुटआउटमा धकेलिएको थियो ।

पेनाल्टी सुटआउटमा लेकसाइड पहेँलोका गोलरक्षक विशाल बस्नेतले गार्डेन एफसीका विनोद गुरुङको प्रहार विफल बनाउँदै उपाधि चुमाए । उनै बस्नेत प्रतियोगिताको उत्कृष्ट गोल रक्षक बन्दै ५ हजार पुरस्कार प्राप्त गरे । उपाधिसँगै विजेता बनेको लेकसाइड पहेँलोले नगद १ लाख १ हजार १ सय ११ शिल्ड, मेडल तथा प्रमात्रपत्र प्राप्त गर्यो ।

यस्तै प्रतियोगिताको उपविजेता गार्डेन एफसीले ५१ हजार १ सय ११ रुपैयाँ, शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्यो । प्रतियोगितामा लेकसाइड पहेँलोका मिली गुरुङ सर्वोकृष्ट खेलाडी घोषित हुँदै १० हजार रुपैयाँ प्राप्त गरे । यस्तै प्रतियोगितामा सर्वाधिक गोलकर्ताका रुपमा एनए भेट्रानका कन्या गुरुङले ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे ।

प्रतियोगिताको अनुशासित टिम लेकसाइड सेतोले १० हजार रुपैयाँ पुरस्कार प्राप्त गऱ्यो । यस्तै उत्कृष्ट प्रशिक्षकका रुपमा लेकसाइड पहेँलोका राम भुजेल घोषित भए । विजेता तथा उपविजेता टोलीका खेलाडीहरुलाई समापन समारोहका प्रमुख अतिथिसमेत रहेका गण्डकी प्रदेश सभा सदस्य प्रकाश बराल तथा पुरस्कारदाताहरुले पुरस्कार वितरण गरेका थिए । फाइनल खेलपूर्व महिला टोलीको मैत्रीपूर्ण खेल आयोजना गरिएको थियो ।

पोखरामा सामाजिक र खेलकुदको क्षेत्रमा क्रियाशिल बिक्कु गिरी, विषम पहारी र सञ्जय बुढाथोकीको सयुक्त रुपमा प्रतियोगिता आयोजनामा गरेका थिए । सो प्रतियोगितामा कुल १४ टिमले सहभागिता जनाएका थिए ।

# म्याग्दीमा तातोपानीको नयाँ मुहान भेटियो

पोखरापत्र संवाददाता
म्याग्दी, १० चैत

म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा तातोपानीको नयाँ मुहान भेटिएको छ । बगरगाउँमुनिको लपचिस महजरा भन्ने ठाउँमा प्राकृतिकरूपमा तातोपानी निस्कने मुहान भेटिएको हो ।

नाउरा-बगर जोड्ने सडक निर्माणका क्रममा बाफ उडेको देखेपछि छाम्ने क्रममा तातोपानीको मुहान पत्ता लागेको धवलागिरि गाउँपालिका उपाध्यक्ष रेशम पुनमगरले रासससलाई जानकारी दिनुभयो ।

"म्याग्दी नदीको किनारमा बाफ उडेको र बिरेनुनको गन्ध आएपछि त्यहाँ पुग्दा तातोपानीको मुहान भेटियो", उहाँले भन्नुभयो, "म्याग्दी नदीलाई डाइभर्सन र मुहानलाई संरक्षण गरेर स्नानस्थलका रूपमा विकास गर्ने योजना बनाएका छौँ ।"

जमिनभित्रबाट करिब ५० डिग्री सेल्सिएस तापक्रममा निस्कने पानीको मुहानमा पुग्न बगरगाउँबाट करिब ३० मिनेट हिँड्नुपर्छ । यसअघि सो तातोपानीको मुहानसम्म पुग्ने बाटो थिएन । म्याग्दी नदीमा निर्माणाधीन जलविद्युत् आयोजनाले बगरगाउँबाट महजर सिम्म सडक निर्माण गरिसकेका छन् । नाउराबाट महजरा हुँदै बगर जाने सडक निर्माणाधीन छ ।

जलविद्युत् आयोजनाका कर्मचारी, मजदुर र स्थानीय बासिन्दाहरू सोही तातोपानीमा स्नान गर्न जान थालेका छन् । पानीमा बिरेनुन र अण्डा उमालेको जस्तो गन्ध आउने बगरका बासिन्दासमेत रहेका वडासदस्य हरिप्रसाद तिलिजालेले बताउनुभयो । "सानो हुँदा त्यहाँ तातोपानीको मुहान भएको सुनेको थिएँ", उहाँले भन्नुभयो, "५५-६० वर्षपछि मुहान भेटियो । यसलाई संरक्षण र व्यवस्थित गर्नुपर्छ ।" तातोपानीको पोखरीमा स्नान गरेमा चोटपटक लागेको, सुन्निएको, बज्रिएको, ग्यास्ट्रिकलगायत स्वास्थ्य समस्या निको हुने जनविश्वास छ ।

तातोपानीको स्रोत मध्यम किसिमको छ । व्यवस्थित पोखरी बनाउन सकेमा २० देखि २५ जनासम्मले स्नान गर्न सक्छन् । धवलागिरि हिमाल आरोहण गर्न जाने पदमार्गमा पर्ने बगरगाउँ नजिकै रहेको अर्को तातोपानी कुण्ड छ । त्यहाँ स्थानीयवासीले स्नान गरेर स्वास्थ्यलाभ लिने गर्दछन् । म्याग्दीमा अन्नपूर्ण गाउँपालिकाको दोवा सेकार्कु, भुरुङ्ग, पाउद्वार, रातोपानी र कटुञ्जेमा यसअघि पहिचान भएका तातोपानीका मुहानको संरक्षण र व्यवस्थापन हुँदै आएको छ । यसैगरी बेनी नगरपालिका-४ को सिङ गा, रघुगङ्गा गाउँपालिका-४ को दर्मीजा, धवलागिरि गाउँपालिका-१ गुर्जा र वडा नं ४ बगरमा रहेका तातोपानी कुण्ड प्राकृतिक उपचारस्थलको रूपमा प्रयोग भएका छन् ।

# करबाकेली जोड्ने पदमार्ग निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १० चैत

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ मा रहेको धार्मिक पर्यटकीयस्थल करबाकेली जोड्ने पदमार्ग निर्माण सुरु गरिएको छ ।

गण्डकी प्रदेश सरकार र पर्यटन तथा उद्योग कार्यालय म्याग्दीको आर्थिक सहयोगमा महभिरका बासिन्दाले भिरालो पाखा र उकालो बाटोमा ढुङ्गाको सिँढी बिछ्याएर पदमार्ग निर्माण गर्न थालेका हुन् । पदमार्ग निर्माण समितिका अध्यक्ष देवबहादुर पुर्जा पुनले कोप्रे खोलादेखि महभिर गाउँसम्म निर्माण भएको पदमार्गलाई विस्तार गरेर करबाकेली जोड्ने लक्ष्य रहेको बताउनुभयो ।

"पर्वतको बासखर्कबाट महभिर हुँदै करबाकेली जाने धार्मिक तथा अन्य पर्यटकलाई झाडी पन्छाएर हिँड्नुपर्ने समस्या थियो," उहाँले भन्नुभयो, "व्यवस्थित पदमार्ग बनेपछि सुरक्षित र सहज रूपमा यात्रा गर्न पाएका छौँ ।" ढुङ्गा कुदेर भुईंमा बिछ्याइएको भन्दै पदमार्ग व्यवस्थित भएपछि चिप्लिएर लड्ने र चोटपटक लाग्ने समस्या हटेको पुनले बताउनुभयो ।

चालु आर्थिक वर्षमा रु १० लाख बजेट विनियोजन भएको पदमार्ग निर्माण योजनामार्फत एक दशमलव पाँच मिटर फराकिलो सात सय ५० मिटर लामो पदमार्ग निर्माण गर्नुपर्नेमा हालसम्म चार सय ५० मिटर सम्पन्न भएको पर्यटन तथा उद्योग कार्यालयका इन्जिनियर सुमन बोगटीले जानकारी दिनुभयो । महभिरका २७ घरधुरीले पाँच/पाँच दिनका दरले श्रमदान गरेका छन् । दैनिक २० जनाको अनुपातमा मजदुर परिचालन गरिएको छ । पदमार्ग निर्माणका क्रममा रोजगारी सृजना भएको भन्दै पर्यटन प्रवर्द्धन भए थप अवसर सृजना हुँदै जाने स्थानीय बुद्धिबहादुर पुर्जाले बताउनुभयो । महभिरबाट करबाकेली जोड्ने थप तीन किलोमिटर पदमार्ग निर्माणलाई पूर्णता दिन थप रु ३० लाख बजेट माग गरिएको उहाँले बताउनुभयो ।

पुन समुदायको कुलदेवता 'करबाकेली बाबा'को थान, पुन सङ्ग्रहालय रहेको करबाकेलीबाट गुर्जा, धवलागिरि, मानापाथी, बराह शिखर, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे हिमाल लहरै अवलोकन गर्न सकिन्छ । करबाकेली वसन्त ऋतुको आगमनसँगै गुराँसे जङ्गलले घेरिएको छ ।

समुद्री सतहबाट दुई हजार तीन सय ३२ मिटर उचाइमा अवस्थित करबाकेली धवलागिरि र अन्नपूर्ण हिमशृङ्खलाका करिब एक दर्जन हिमाललाई नजिकबाट अवलोकन गर्ने उपयुक्त स्थानका रूपमा मानिन्छ । महभिरबाट एक घण्टा ३० मिनेट उकालो हिँडेपछि पुगिने करबाकेलीबाट मोहरेडाँडा, फूलबारी र पुनहिल तथा घोडेपानी जान सकिन्छ ।

# पर्यटन राजधानी नजिकैको ठूलाकोट–ठूलास्वाहाँरा क्षेत्रको प्रवर्द्धनमा भिटोफ

–वासुदेव पौडेल
पोखरा, १० चैत/रासस

यही चैत ४ गते पर्यटन राजधानी घोषणा भएको पोखरासँगै आसपासका पर्यटकीय गाउँको पर्यटकीय प्रवर्द्धन र विकासलाई गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशले सक्रियता देखाएको छ । पर्यटन राजधानी आसपासका पर्यटकीय गाउँलाई प्रवर्द्धन गर्दै त्यहाँ पर्यटकीय गतिविधि बढाउनुपर्छ भन्ने उद्देश्यका साथ ठूलाकोट-ठूलास्वाहाँरा क्षेत्रको प्रवर्द्धनात्मक परिचयात्मक अवलोकन भ्रमण गरिएको भिटोफ गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटाले बताउनुभयो ।

'हरेक गाउँ, पर्यटकीय ठाउँ' भन्ने नाराका साथ भिटोफले गाउँ पर्यटनको विकास गर्दै आएको बताउँदै उहाँले धेरै पर्यटकीय सम्भावना भएर पनि अपेक्षित प्रवर्द्धन हुन नसकेको ठूलाकोट-ठूला स्वाहाँरा क्षेत्रमा पर्यटनसम्बद्ध क्षेत्रका विज्ञ, प्रतिनिधि तथा सञ्चारकर्मीको अवलोकन भ्रमण गराइएको बताउनुभयो । उत्तरमा मादी नदी, दक्षिणमा सेती, पूर्वमा बेगनास पचभैया र पश्चिममा सुनपदाली विजयपुरभित्र रहेको पोखरा महानगरपालिका-२८ स्थित ठूलाकोट र नजिकै रहेको कास्कीकै मादी गाउँपालिका-५ स्थित ठूलास्वाहाँरा यस क्षेत्रकै ऐतिहासिकस्थलका रुपमा चासो र चर्चा कमाएका छन् । ठूलाकोट मौजाको रूपमा इतिहासदेखि नै चासो र चर्चा कमाएको यस ठाउँबाट नजिकै रहेको कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल अर्घौंअर्चलेका कारण पनि यहाँको गरिमा र महत्व अझै बढाएको छ । ठूलाकोट एवं आसपासको प्राकृतिक सौन्दर्यताको चर्चा गर्दै कवि शिरोमणिले आफ्ना बाल्यावस्थाको स्मरण गर्दै रचना गर्नुभएको कवितामा उल्लेख गर्नुभएको छ,

"सङ्गीतसित रङ्गिँदै म कहिले पुग्थेँ 'ठूलाकोट'मा
कैले समथर फाँट टारहरूका चित्रे घना गोठमा ।
जान्थ्यो दृष्टि जता उतै प्रकृतिको मुस्कान राम्रो थियो
जसमा बाल्य विकासको मधुरिमा स्वर्गीय हाम्रो थियो ॥"

कवि शिरोमणिले भनेजस्तै ठूलाकोट र आसपासका प्राकृतिक दृश्य लोभलाग्दा छन् । उत्तरतर्फ चाँदीजस्तै टलक्क टल्किएका हिमाल, यसको काखमा छचल्किइरहेका पोखरा तथा लेखनाथका तालतलैयालाई अझै पनि पर्यटकीयरुपमा अपेक्षित उपयोग भने गर्न नसकिएको नेपाल पर्यटन बोर्डका पूर्वकार्यकारी सदस्य एवं पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष टीकाराम सापकोटाले बताउनुभयो । दिवाकालीन दृश्यावलोकनसँगै ठूलाकोट यो क्षेत्र रातको समयमा तारामण्डल हेर्ने उपयुक्त गन्तव्यसमेत रहेको सापकोटाको भनाइ छ । पदयात्रा एवं पर्वतारोहण पर्यटनमा तारामण्डल अवलोकन पनि महत्वपूर्ण पक्ष भएको भन्दै उहाँले यस ठाउँलाई तारामण्डल अवलोकनको गन्तव्यका रुपमा पनि विकास गर्न सकिने देखिएको बताउनुभयो । प्रकृतिले सम्पन्न ठूला कोटसँग जोडिएको इतिहास र त्यसैसँग सम्बन्धित संस्कृतिलगायतको उचित प्रचारप्रसार एवं पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको पोखरा महानगरपालिका-२८ का वडाध्यक्ष श्रीकृष्ण लामिछाने बताउनुहुन्छ । ठूलाकोटस्थित कालभैरव मन्दिर यहाँका अतिप्राचीन धार्मिक महत्वको स्थल रहेको बताउँदै उहाँले यसको ऐतिहासिक एवं धार्मिक महत्वलाई उजागर गदै धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने लक्ष्य राखिएको बताउनुभयो । वडाभित्र रहेका ठूलाकोटको कालभैरवलगायत कालिका मन्दिर आदिको पुरातात्विक महत्वलाई खोज्दै यिनीहरूको दीर्घकालीन विकास गर्ने उहाँको भनाइ छ । ठूलाकोट र आसपासको क्षेत्र प्राचीन समयदेखि नै समाजमा विशिष्ट प्रभाव पार्ने ज्योतिषीहरूको जन्मस्थान पनि हो । ग्रह नक्षत्र आदिका गति, स्थिति वा तिनका अनुसार हुने शुभाशुभ फलका ज्ञाता ज्योतिष विद्यामा पारङ्गत मानिएका प्राणनाथ त्रिपाठी, मनोहरि त्रिपाठीजस्ता ज्योर्तिविद्को सफल साधनामा यो ठाउँको प्रभाव पनि रहेको स्थानीयवासी तर्क गर्दछन् । इतिहासलाई खोतल्दा बाइसे/चौबिसे राजाका पालामा तत्कालीन गण्डक क्षेत्रका कोटमध्येको ठूलो कोट भएकै कारण यसको नाम ठूलाकोट रहन गएको हो । तत्कालीन समयमा छिमेकी लमजुङ राज्यबाट आइपर्ने आक्रमणको खतरा सामना गर्न यस ठाउँमा सेना तैनाथ गरिन्थ्यो । त्यसै समयमा यहाँ शक्तिस्वरूप कालभैरव र दुर्गाको पूजाआजा गरिएको पाइन्छ । प्राचीनकालदेखि स्थापित कालभैरव र दुर्गा मन्दिरका कारण यहाँको विशिष्ट धार्मिक महत्व रहेको छ । तत्कालीन नेपालका बाइसे/चौबीसे राजाका पालामा यहीँबाट सीमा सुरक्षा व्यवस्था गर्ने, मौलो पुग्ने प्रसिद्ध किल्लाको रूपमा यसको महिमा र गरिमा रहेको बूढापाका बताउँछन् । यहाँ आएर कालभैरव र दुर्गालाई पूजा गरेमा चिताएको पुग्ने विश्वासका कारण दसैँका साथै अन्य समयमा विभिन्न स्थानबाट भक्तजन भाकलसहित पूजाआजा गर्न आउँछन् ।

विगतको इतिहास र प्रचलित संस्कृतिलाई निरन्तरता दिँदै अहिले पनि प्रत्येक चैतेदसैँ र विजयादशमीमा यहाँ विशेष पूजाआजा गर्ने गरिएको पर्यटन व्यवसायी एवं नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका पूर्वअध्यक्ष जीवनराज सापकोटाले बताउनुभयो । ठूलाकोट आफैँमा प्राकृतिक दृश्यावलोकनका लागि उपयुक्त गन्तव्य भएको बताउँदै उहाँले यहाँबाट देखिने मनोरम हिमशृङ्खला, लेखनाथका बेगनास, रुपा, खास्टे, निउरेनी, गुदे, दिपाङ र मैदीताल, पोखरा उपत्यका र आसपासका सुन्दर हरियाली डाँडाकाँडालाई पर्यटन बजारमा पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । उक्त गाउँमा प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, धार्मिक, मनोरञ्जन र साहसिक पर्यटनका विविध पूर्वाधार निर्माण गरी पर्यटनबाट रोजगारी र आयआर्जन बढाउन सकिने देखिएको भिटोफ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष तारानाथ पहारीले बताउनुभयो ।

यो गाउँबाट देखिने मनोरम हिमशृङ्खला, लेखनाथका बेगनास, रुपा, खास्टे, निउरेनी, गुदे, दिपाङ र मैदीताल, पोखरा उपत्यका र आसपासका सुन्दर हरियाली डाँडाकाँडालाई पर्यटन बजारमा पुऱ्याउनुपर्ने उहाँको भनाइ छ । ठूलाकोटसँगै नजिकै रहेको ठूलास्वाहाँरामा स्थानीयले घरवास सञ्चालनमा ल्याएका छन् । गाउँको पर्यटकीय विकासलाई लक्षित गरी तीन वर्षदेखि यहाँका पाँचवटा घरमा घरबास सञ्चालन भइरहेको ठूलास्वाहाँरा टोल विकास संस्थाका अध्यक्ष एवं मादी गाउँपालिका होमस्टे महासङ्घका अध्यक्ष भीम गुरुङले बताउनुभयो । यहाँस्थित घरवासमा दैनिक ४० जनासम्म राख्न सकिने बताउँदै उहाँले प्राकृतिक दृश्यावलोकनसँगै स्थानीय प्राङ्गारिक उत्पादनको स्वाद चाख्न पाउनु यहाँको विशिष्टता भएको जानकारी दिनुभयो ।

यहाँबाट समग्र पोखराको दृश्यावलोकन गर्न पाइने बताउँदै उहाँले गाउँ पर्यटन प्रवर्द्धनका माध्यमबाट स्थानीयवासीको रोजागारी अभिवृद्धि गर्ने लक्ष्य राखिएको बताउनुभयो । पोखरा पर्यटन राजधानी घोषणा भइसकेको अवस्थामा पोखरा आसपासका गन्तव्यलाई पर्यटनसँग जोड्न अपरिहार्य भएको पर्यटनविज्ञ डा रामजी शर्मा बताउनुहुन्छ । पोखरा पर्यटन राजधानी भएका अवस्थामा आसपासका गन्तव्यको प्रवर्द्धन र विकासका लागि पर्यटनसम्बद्ध सङ्घसंस्थाले चासो दिनुपर्ने उहाँको भनाइ छ । पर्यटन राजधानी पोखरा आसपासका पर्यटकीय गाउँलाई प्रवर्द्धन गर्न सकेमा गाउँबाट भइरहेको स्थानीयवासीको पलायनलाई रोक्न सकिने प्राध्यापक दीपेन्द्र पहारीको बुझाइ छ ।

# भुमे मैदानमा बैकुण्ठ

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

पोखरा १९घार्मीमा रहेको भुमे मैदान बहुउद्देश्यीय सामुदायिक समुहको पाचौं साधारण सभा तथा तेस्रो अधिवेशन सम्पन्न भएको छ ।

शनिबार सम्पन्न अधिवेशनले बैकुण्ठ पौडेलको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छा समुहको उपाध्यक्षमा डिल्लीराम पौडेल, सचिव रामप्रसाद पौडेल, सहसचिवमा खेमराज पौडेल र कोषाध्यक्षमा सुनिता अधिकारी पौडेल र सदस्यहरुमा झलक प्रसाद पौडेल, दामोदर पौडेल, शोभा पौडेल, रामचन्द्र पौडेल, र दिपक पौडेललाई चयन गरेको छ ।यस अघि अधिवेशनको उदघाटन गर्दै पुर्व वडाध्यक्ष शोभामोहन पौडेलले समाजको रूपान्तरण र विकासका लागि सामाजिक संघ संस्थाको भुमिका महत्वपुर्ण रहेको वताए । समुहका अध्यक्ष रामचन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा एसइइ उत्तीर्ण समिर पौडेल, सन्दिप पौडेल, सचिन पौडेल, कुशल पौडेल, श्रीषा पौडेल र स्मृति पौडेल तथा जेष्ठ नागरिक इन्द्र माया पौडेल र पवित्रा पौडेललाई प्रमुख अतिथि शोभा मोहन पौडेल, अध्यक्ष रामचन्द्र पौडेल,वडा सदस्य कल्पना सुनारले सम्मान गरे ।




कार्यक्रममा वडा सदस्य कल्पना सुनार, समाजसेवी हिरा पौडेल पराजुली, शिवप्रसाद पौडेल, राजकुमार पौडेल,जयराम पौडेल,पोषराजपौडेल,डिल्लीराम पौडेल लगायतकाले समुहले गरेका कार्यको प्रशंसा गरेका थिए।समुहका उपाध्यक्ष दुर्गादेवी पौडेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव माधवप्रसाद पौडेलले गरेका थिए ।

# नि:शुल्क दन्त शिविरमा २२७ लाभान्वित

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

रोट्रायक्ट क्लब अफ हेमजाको आयोजना तथा बिष्णु पादुका क्लबको सह आयोजनामा पोखरा २५ हेमजामा शनिबार निःशुल्क दन्त शिविर शनिबार सम्पन्न भएको छ ।

सिद्दार्थ डेण्टल एण्ड स्किन केयर प्रा.लिको प्राबिधिक सहयोग तथा वडा नं. २५ वडा कार्यालयको समन्वय भएको कार्यक्रममा २२७ जना लाभान्वित भएको कार्यक्रम संयोजक बिकल थापाले जानकारी दिनुभयो । कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि रोटरी क्लव अफ पोखरा अन्नपूर्णका अध्यक्ष टोय बहादुर भट्टराईले सफलताको शुभकामना दिदै सामाजिक कामलाई निरन्तरता दिन आग्रह गर्नुभयो । कार्यक्रममा बिष्णु पादुका मा.बिका अध्यक्ष कृष्णबहादुर नेपाली र डा पवन पाठकले बोल्नु भएको थियो ।



क्लबका अध्यक्ष बिशाल बाँस्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष प्रकाश पौडेलले र सञ्चालन सचिव राज पौडेलले गर्नु भयो ।

# ओझेलमा अपाङ्गता पढाउने विद्यालय

पोखरापत्र संवाददाता
बागलुङ, १० चैत

शारीरिक अपाङ्गता हुनुभएका पोखरा महानगरपालिका-१७ निवासी सुस्मा रुचाल हाल बागलुङ नगरपालिका-१ स्थित रामरेखा आधारभूत विद्यालयमा अध्ययनरत हुनुहुन्छ ।

परिवारको हेरचाह नपाउँदा पढ्न नपाउनुभएका रुचाल आवासीय सुविधासहित अध्ययन गरिरहनुभएको छ । यस विद्यालयमा रुचालजस्ता १४ जना अपाङ्गता भएका विद्यार्थी आवासीय सुविधासहित अध्ययनरत गरिरहेका छन् । शारीरिक रूपमा अपाङ्गता भएका, अभिभावकविहीन, हेला होचामा परेकाजस्ता विद्यार्थीलाई यस विद्यालयले अध्ययनको व्यवस्था मिलाएको छ तर तिनै अपाङ्गता भएका विद्यार्थीलाई पढाउने विद्यालय सरोकारवालाको नजरमा पर्न सकेको छैन । सो विद्यालयमा बागलुङ बजारका श्रमिक तथा माझी समुदायका एक सय १७ जना विद्यार्थीले अध्ययन गरिरहेका छन् । ग्रामीण भेगका विद्यालयहरू सुविधा सम्पन्न भइसक्दा सदरमुकामसँगै रहेको रामरेखा आधारभूत विद्यालयमा भौतिक पूर्वाधारलगायत संरचनामा निकै कमजोर छ ।

अपाङ्गता भएका विद्यार्थी पढाए पनि अपाङ्गमैत्री पूर्वाधार बन्न सकेको छैन । सीमित स्रोत र साधनले विद्यालय चलिरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र केसीले बताउनुभयो । "विभिन्न जिल्ला र बागलुङका दूरदराजमा रहेका अपाङ्ग बालबालिकालाई शिक्षा दिनु हाम्रो कर्तव्य हो तर विद्यालयको आन्तरिक आय छैन । सरकारले आवासीय सुविधाका लागि दिएको मासिक चार हजारले पुग्दैन", अध्यक्ष केसीले भन्नुभयो, "अपाङ्गमैत्री केही भौतिक संरचना भए पनि पूर्ण छैन । अपाङ्गमैत्री शौचालय, लत्ताकपडा, स्याहारसुसारको अभाव छ । अतिरिक्त सहयोग कतैबाट पाइएन ।" विद्यालयमा लोपोन्मुख माझीसमुदायका छोराछोरीसमेत पढ्दै आएका छन् । विद्यालय सञ्चालनमा थुप्रै कठिनाइ रहेको विद्यालयका निमित्त प्रधानध्यापक सृजना पौडेलले बताउनुभयो ।

एकजनाले मासिक रु १२ हजार तलबमा २४ घण्टा अपाङ्गता भएका बालबालिकाको स्याहार गर्ने कार्य कठिन भएको प्रअ पौडेलको भनाइ छ । "शारीरिक रूपमा कमजोर बालबालिकाको नियमित औषधि तथा उपचारको खाँचो छ । औषधि उपचारको खर्च विद्यालयले थेग्न सकेको छैन", प्रधानअध्यापक पौडेलले भन्नुभयो, "बागलुङ बजारमै भएर समेत हाम्रो विद्यालयमा कसैको नजर परेको छैन ।"

# बलेवा विमानस्थलमा हसाईसेवा सञ्चालनको माग

पोखरापत्र संवाददाता
बागलुङ, १० चैत

विसं २०४८ सम्म बागलुङ सडक सञ्जालसँग जोडिएको थिएन । त्यतिबेला बागलुङसँगै म्याग्दी, मुस्ताङ लगायतका जिल्ला यातायात सुविधाबाट वञ्चित थिए ।

मोटरबाटो नभए पनि बागलुङ नगरपालिका-१४ स्थित बलेवा विमानस्थल भने सञ्चालनमा थियो । त्यो बेला यहाँ नियमितरूपमा हवाईसेवा सञ्चालनमा थियो । स्थानीयवासीले २०२२ सालमा श्रमदान गरी उक्त विमानस्थल निर्माण गरेका हुन् । बलेवा विमानस्थल २०४८ सम्म सञ्चालनमा थियो । विसं २०४८ मा बागलुङ सडक सञ्जालसँग जोडिएको हो । त्यसलगत्तै बलेवा विमानस्थलमा जहाड उड्न छाडे ।

विगत २६ वर्षदेखि बन्द विमानस्थल बागलुङ पालिकाको पहलमा २०७४ चैत ९ गतेदेखि पुनः सञ्चालनमा आयो । तर त्यसले निरन्तरता भने पाउन सकेन । नौ महिनापछि धावनमार्ग कच्ची भएको कारण देखाएर विमानस्थलमा जहाड उडान बन्द भयो । विसं २०७८ चैतमा नागरिक उड्डयन प्राधिकरणको रु सात करोडको लागतमा विमानस्थलको धावनमार्ग कालोपत्र गरिएको छ । कालोपत्र गरिए पनि विमानस्थलमा जहाज भने उड्न सकेका छैनन् । बागलुङ नगरपालिका-१४ का सुरेन्द्र थापाले विमानस्थल सञ्चालनका लागि सरोकारवालाले ध्यान नदिएको गुनासो गर्नुभयो । "हाम्रो बाउबाजेले विमानस्थल बनाउन जग्गा दिए । पसिना बगाएर विमानस्थल निर्माण गरे । तर हवाईसेवा ठप्प छ", उहाँले भन्नुभयो । राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर छेउमै रहेको विमानस्थल सञ्चालनका लागि पहल भइरहेको बागलुङ नगरपालिका-१४ का अध्यक्ष चक्रबहादुर खत्रीले बताउनुभयो । विमानस्थल सञ्चालनमा ल्याउन सके यस क्षेत्रका धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गरी स्थानीयलाई आयआर्जनसँग जोड्न सकिने उहाँले बताउनुभयो । बागलुङ बजारदेखि बलेवा विमानस्थल पुग्न १२ किलोमिटर कच्ची सडकको यात्रा गर्नुपर्छ । बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले विमानस्थल सञ्चालन गर्न कालीगण्डकी करिडोर कालोपत्र हुनुपर्ने बताउनुभयो । विमानस्थल सञ्चालनमा आए बागलुङ, पर्वत, म्याग्दी लगायतका स्थानीयलाई सहज हुने र धौलागिरी क्षेत्रको पर्यटन विकासमा टेवा पुग्ने छ ।

# पौडेलको 'जून ओर्लेको रात' लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

युवाकवि सञ्जीव पौडेलको कवितासङ्ग्रह 'जून ओर्लेको रात' लोकार्पण गरिएको छ ।

नेपाली लेखक सङ्घ गण्डकी प्रदेशद्वारा आयोजित दौँतरी कार्यक्रमको तेस्रो शृङ्खलाअन्तर्गत आज पोखरामा आयोजित समारोहमा वरिष्ठ साहित्यकार सरूभक्त, नेपाली लेखक सङ्घका केन्द्रीय अध्यक्ष कवि तीर्थ श्रेष्ठ, लोकगायिका हरिदेवी कोइराला, सञ्जीवका पिता लक्ष्मण पौडेलले संयुक्तरूपमा उक्त कृतिको लोकार्पण गर्नुभयो । सङ्घले दौँतरी कार्यक्रमअन्तर्गत साहित्यिक एवं विभिन्न क्षेत्रमा सँगै काम गरेका दौँतरीलाई एकसाथ उभ्याउँदै आएकामा यस शृङ्खलामा कविद्वय सञ्जीव पौडेल र अल्पज्ञानीलाई उपस्थित गराइएको थियो ।

कार्यक्रमकै बीच पौडेलको कृति लोकार्पण गरिएको थियो भने कवि अल्पज्ञानीको प्रकाशोन्मुख कवितासङ्ग्रह 'उज्यालो पर्खिरहेको मानिस' पनि लोकार्पण गर्ने तयारी गरिएको थियो । उक्त कृति भने प्राविधिक कारणले लोकार्पण गर्न नसकिएको सङ्घका अध्यक्ष ईश्वरमणि अधिकारीले जानकारी दिनुभयो । दुई दौँतरीलाई मञ्चमा कवि अमृत क्षेत्रीले सहजीकरण गर्नुभएको थियो । उक्त अवसरमा कविद्वयले दौँतरी यात्राको सुरुआत, विकास, उतारचढाव र त्यसका विविध आयामबारे प्रकाश पार्नुभएको थियो।पचासकोदशकदेखिपोखरेली परिवेशमा साहित्य सिर्जनामा निरन्तर क्रियाशील यी दुई कविले कविता सुन्न र सुनाउनकै लागि विभिन्न मञ्च चाहारेका प्रसङ्ग, भोकभोकै कविताका कार्यक्रममा हिँड्दाका दुःख आदिबारे चर्चा गर्नुभएको थियो । हाल प्राध्यापन पेसामा आबद्ध दुवैले घर, आमाबुवा, आफन्त, विद्यार्थीदेखि समाज हुँदै राजनीतिआदिको स्मरण गर्नुभएको थियो । अनुभव र अनुभूतिसँगै उहाँहरूले एक दर्जनभन्दा बढी कविता पनि वाचन गर्नुभएको थियो । कार्यक्रममा साहित्यकार सरूभक्त र माया पब्लिकेसन प्रालिका निर्देशक विनयभूषण दत्त, सङ्घका अध्यक्ष डा ईश्वरमणि अधिकारीलगायतले बोल्नुभएको थियो ।

# गोरखकाली मन्दिरमा बढ्न थाले दर्शनार्थी

पोखरापत्र संवाददाता
गोरखा, १० चैत

धार्मिक तथा ऐतिहासिक महत्व बोकेको गोरखकाली मन्दिरमा दर्शनार्थीको भीड लाग्न थालेको छ ।

भूकम्पले क्षति पुऱ्याएको मन्दिर पुनःनिर्माण सम्पन्न भएसँगै मन्दिरमा आउने दर्शनार्थीको सङ्ख्या पनि बढ्न थालेको कालिका मन्दिरका मूलपुजारी शारदाप्रसाद भट्टराईले जानकारी दिनुभयो । मन्दिरमा पूजाआजा र दर्शनका लागि गोरखासहित तनहुँ, चितवन र लमजुङलगायतका जिल्लाबाट भक्तजन गोरखकाली मन्दिर, गोरखा दरबार, गोरखानाथ गुफाका लागि आउने गरेका छन् । "आज एकैदिनमा दुई हजारभन्दा बढी भक्तजन कालिका मन्दिरमा पूजापाठ तथा गोरखानाथ मन्दिरमा पूजाआजाका लागि आएका छन्", उहाँले भन्नुभयो, "भक्तजनको बाक्लो उपस्थितिका लागि पूजापाठको व्यवस्था मिलाउन सुरक्षाकर्मीलाई हम्मेहम्मे परेको थियो ।" शनिबार बिदाका दिन भएकाले पनि भक्तजनको भीड भएको हुनसक्ने उहाँको भनाइ छ । मन्दिरमा आउने अधिकांश ऐतिहासिक गोरखा दरबारको अवलोकनका लागि पनि पुग्ने गरेका छन् । भक्तजनको अत्यधिक भीडका कारण मन्दिरमा पूजा गर्न झण्डै साढे दुई घण्टाभन्दा बढी समय पालो पर्खनुपरेको सहिद लखन गाउँपालिका-७ का अमृत श्रेष्ठले बताउनुभयो ।